आमचोक गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
प्रदेश नं १, नेपाल

प.स:२०७८/०७९
सूचना नः ४५

# सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
## ( प्रथम पटक प्रकाशित मिति २०७८।०९।०५ )

आमचोक गाउँपालिकामा तपशिल अनुसारको कर्मचारी सेवा करार गरि राख्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशनको मितिले १०(दश) दिन भित्र आमचोक गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना info@aamchowkmun.gov.np वा ito.aamchowkmun@gmail.com मा आवश्यक कागजात र दरखास्त दस्तुर तिरेको रसिद/भौचर सहित आवेदन दिनुहुन अनुरोध छ।

**तपशिल**

| विज्ञापन नं | पद | तह/सेवा/समुह | माग संख्या |
|---|---|---|---|
| ७/२०७८/०७९ | सिभिल ईन्जिनियर | छैठौ तह / ईन्जिनियरिङ्ग / सिभिल | १ जना |
| ८/२०७८/०७९ | कम्प्युटर अपरेटर | पाँचौ तह/ विविध सेवा | १ जना |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव:**

(क) **सिभिल ईन्जिनियर** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा वि.ई वा सो सरह उत्तिर्ण।

(ख) **कम्प्युटर अपरेटर** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट skilled manpower को लागि संचालित ६ महिनाको तालिम प्राप्त।

२. **उमेरको हद** - दरखास्त दिने अन्तिम मिति सम्म् १८ पुरा भई ४० वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थान-** आमचोक गाउँकार्यपालिकाको कार्यालय, वालंखा भोजपुर वा कार्यालयको वेवसाईट www.aamchowkmun.gov.np बाट दरखास्त फारम डाउनलोड गरी उक्त फारम भरी कार्यालयको ईमेल info@aamchowkmun.gov.np वा ito.aamchowkmun@gmail.com मा पठाउन सकिनेछ।

४. **आवेदन दस्तुर-** (क) सिभिल ईन्जिनियर का लागि रु १०००/- (ख) कम्प्युटर अपरेटर का लागि रु ५००/-

५. **छनौटको किसिम**- लिखित, प्रयोगात्मक, मौखिक परिक्षा।



प्रमुख प्रशासकीय अधिकृत

प.सः२०७८/०७९
सूचना नः २२

६. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु**- आवेदक स्वयमले प्रमाणित गरेको नागरिकताको प्रलितिपि, न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात, प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि।

७. **परीक्षा संचालन हुने मिति समय र स्थान**- दरखास्त फारम भर्ने अन्तिम म्याद पछि पालिकाको सूचना पाटी, वेवसाईट मा राखिने छ।

८. **सेवा सुविधा**-सम्बन्धित तहका लागि प्रचलित नेपाल सरकारको न्युनतम तलव स्केलवाट नघट्ने गरि र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

९. **आवेदन दस्तुर बुझाउने प्रकृया**- आमचोक गाउँपालिकाको नाममा सिद्धार्थ बैक लिमिटेड वालंखा, भोजपुर शाखामा रहेको आन्तरिक राजश्व खाता नं **०२६१५३९१७५१** मा रकम बुझाई सक्कल बैक भौचर पेश गर्नु पर्नेछ।

१०. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन। आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पालिकालाई हुनेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

११. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यसपालिकाको कार्यालयको टेलिफोन नं ९८५२०८१३३६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**(नोटः ईमेल बाट दरखास्त फारम बुझाउने आवेदकले दरखास्त फारम, बैंक भौचर लगायत सम्पूर्ण कागजात स्क्यान गरी ईमेलमा पठाउनु पर्नेछ।)**

धन कुमार राई
प्रमुख प्रशासकीय अधिकृत